स्थानीय सरकार
कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
स्थापित २०७३

पत्र संख्याः २०८२/८३
चलानी नं.

गण्डकी प्रदेश, नेपाल
मितिः २०८२/०३/२२

## वर्षाको समयमा कच्ची सडकहरूमा ट्याक्टर सञ्चालन नगर्ने सम्बन्धी सूचना

वर्तमान समयमा मनसुन सक्रिय भई लगातार परिरहेको वर्षाका कारण यस गाउँपालिका क्षेत्रका अधिकांश ग्रामीण तथा कच्ची सडकहरू हिलो र दबेको अवस्थामा छन्। यस्तो परिस्थितिमा वजनदार सवारी साधन, विशेषगरी **ट्याक्टर**हरू अनियन्त्रित रूपमा सञ्चालन गर्दा सडकहरू थप बिग्रने, ठूला-ठूला खाडलहरू पर्ने र सडक पूर्ण रूपमा अवरुद्ध भई बिरामी बोक्ने एम्बुलेन्स तथा अन्य अत्यावश्यक सेवाका सवारी साधनहरू समेत चल्न नसक्ने अवस्था सिर्जना हुने गरेको छ।

ग्रामीण सडकहरू सार्वजनिक सम्पत्ति हुन् र यसको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो। अतः वर्षातको यस मौसमभरि गाउँपालिका क्षेत्रभित्रका कच्ची तथा ग्राभेल सडकहरूमा **अत्यावश्यक अवस्था (जस्तैः उद्धार वा विपद् व्यवस्थापन) बाहेक अन्य प्रयोजनका लागि ट्याक्टर सञ्चालन नगर्न/नगराउनु हुन** सम्पूर्ण ट्याक्टर व्यवसायी, चालक तथा आम नागरिकहरूमा हार्दिक अनुरोध गरिन्छ।

भैरवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

**Email:** kaligandakiruralmunicipality@gmail.com, **Website:** www.kaligandakimunsyangja.gov.np